५. दर्ता भएको शिलवन्दी वोलपत्र नियमानुसार कोटेशन दर्ता गर्ने फर्मको प्रतिनिधिहरुको रोहवरमा सोहिदिनको १:३० बजे खोलिनेछ । कोटेशन पत्र दर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन । वोलपत्र दर्ता गर्न तथा खोलिने दिन सार्वजानिक विदा पर्न गएमा त्यस पछि कार्यालय खुलेको दिनको सोही अनुसारको समयमा दर्ता गर्ने र खोल्ने काम हुनेछ । फर्मको प्रतिनिधिको रुपमा कुनै व्यक्ति पठउनु पर्ने भएमा रितपुर्वक मन्जुरीनामा सहित पठउनु पर्नेछ ।

६. दरभाउपत्र फारम भर्दा कवोल गरेको रकम अकं र अक्षर दुवैमा स्पष्ट लेख्नुपर्नेछ । अकं र अक्षर फरक परेकोमा अक्षरमा लेखेको लाई मान्यता दिईनेछ । साथै केरमेट भएको ठाउँमा सहिछाप हुनुपर्नेछ ।

७. शिलवन्दी दरभाउपत्र साथ धरौटी रकम माछापुच्छ्रे वैंक नयाँवजार पोखरामा रहेको यस कार्यालयको धरौटी खाता नं. ११०१५२४५१४७२९०४९ मा नगद जम्मा गरेको सक्कल भौचर वा विड वण्ड वापत यस कार्यालयको नाममा जारी भएको वैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ, विण्डवण्ड पेश भई ठेक्का स्वीकृत भएमा कवोल गरेको रकम ठेक्का सम्झौता गर्दा यस कार्यालयमा वुझाउनु पर्नेछ ।

८. कुनै पनि कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. अन्य थप जानकारी आवश्यक भएमा यस कार्यालयको वेवसाईड **www.madimunkaski.gov.np** मा हेर्न तथा कार्यालय समयमा सम्पर्क गर्न वा फोन नं. ९८५६०७२६०० वा ९८५६०७२६०१ मा सम्पर्क गर्न सकिनेछ ।

| क.स. | ठेक्का नं. | सडक रुट | न्युनतम ठेक रकम | धरौटी रकम | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|
| २ | १०, २०७४-०७५ | कसेरी-भैंसे-यांजाकोट मादी खण्ड | १०००००।०० | कवोल रकमको ५ प्रतिशत | १०००/- |

## प्रथम पटक प्रकाशित मिति २०७५।०४।१८ गते

ढुङ्गा, वालुवा, गिट्टी, रोडाको कर तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आह्वानको सूचना ।

मादी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयवाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-९, दफा ६४ को उपदफा १ को (च), प्रदेश आर्थिक ऐन २०७५ को दफा ८ तथा अनुसुची ६ र प्रदेश सरकारवाट स्वीकृत ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर वहत्तर, लगाएतका प्राकृतिक स्रोतको उत्खनन् संकलन प्रशोधन विक्रिवितरण तथा क्रसर उधोग व्यवस्थापन र संचालन कार्यविधि २०७५, समेतका आधारमा चालु आ.व. २०७५/०७६ का लागि तपशिल वमोजिमका नदीजन्य पदार्थ ढुङ्गा गिट्टी वालुवाको आय संकलन ठेक्कापट्टाको माध्यमबाट गर्नुपर्ने भएकोले ठेक्का पट्टा गर्नको लागि योग्य फर्म वा कम्पनीले तपशिलमा उल्लेखित कागजातहरु संलग्न राखी तपशिलमा उल्लेखित मिति र समय भित्र यस कार्यालय माछापुच्छ्रे बैंक पृथ्वीचोक मा रहेको कोष खाता नं. ११०१५२४५१४७२९०१४ मा तोकिएको रकम वुझाई वोलपत्र फाराम यस कार्यालयबाट खरिद गरी, मु.अ. कर र अग्रिम आयकर सहितको कूल कवोल को ५ % (पाँच प्रतिशत)ले हुन आउने रकम धरौटी स्वरुप यस कार्यालयको माछापुच्छ्रे बैंक पृथ्वीचोक मा रहेको धरौटी खाता नं. ११०१५२४५१४७२९०४९ मा जम्मा गरेको सक्कलै वैंक भौचर, वा कम्तिमा १२० दिन म्याद भएको वैंकले यस कार्यालयको नाममा जारी गरेको बैंक ग्यारेन्टी (Bid Security) संलग्न राखी शिलवन्दी वोलपत्र फाराम पेश गर्न सकिने गरि यो आन्तरिक आय संकलन सम्वन्धी सूचना प्रकाशित गरिएको छ ।

तपशिल

- फर्म दर्ता प्रमाणपत्र
- ठेक्कापट्टाको कार्य गर्न जारी नविकरण भएको इजाजत पत्रको प्रमाणित फोटोकपी
- मु.अ. कर दर्ता प्रमाणपत्रको प्रमाणित फोटोकपी
- करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

| ठेक्का नं. | घाटको नाम | उत्खनन् हुने अधिकतम परिमाण घ.मी. | न्यूनतम रकम (करवाहेक) | वोलपत्र फारम दस्तुर | वोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | वोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| 02/MRM/GHAT/075-76 | मकैखोला | ९८०।०० | १२४४६०।०० | १०००।०० | २०७५/०५/१६ गते ५ बजे सम्म | २०७५/०५/१७ गते १२ बजे सम्म |

**शर्त तथा बन्देजहरु कार्यालयको वेवसाईट www.madimunkaski.gov.np मा हेर्न सकिनेछ ।**